आज मिति २०७३ मंसिर २४ गते शुक्रबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

| | |
|---|---|
| कार्यकारी अधिकृत तथा नगरप्रमुख | श्री पशुपति खतिवडा |
| आमन्त्रित | |
| सामुदायिक अधिकृत | श्री अनन्त प्रकाश वस्ती |
| खाद्य विश्लेषक अधिकृत | श्री दिपेन्द्र कार्की |
| नायब सुब्बा | श्री लक्ष्मी राई |

**निर्णय नं. १** मेचीनगर नगरपालिका कार्यालयको आ.व. २०७२/२०७३ मा सम्पन्न गरेका योजना सहितका सेवा प्रवाहसँग सम्बन्धीत रहेर सेवा प्रदायक संस्था सामुदायिक विकास मञ्चले कार्य सम्पन्न गरेको आ.व. ०७२/२०७३ को सामाजिक परिक्षण प्रतिवेदन र आ.व. २०७३/२०७४ पहिलो चौमासिकको सार्वजनिक सुनुवाईको प्रतिवेदन आजको बैठकमा पेश गरियो । दुवै प्रतिवेदनमा उठेका सवालहरु, पेश भएका सुझावहरु र नगरपालिकाका तर्फबाट गरीएका प्रतिबद्धताहरु क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरीयो ।

**निर्णय नं. २** यस न.पा.को वडा नं. २,४, ५, ६, ७, ९ र १२ लाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न शौचालय नभएका हालसम्म संकलन भई पेश भएका घरधुरीहरुलाई शौचालय निर्माण गर्न वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सिफारिसमा प्रति घर धुरी रु.५०००/- (पाँच हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३** मेचीनगर नगरपालिका कार्यालयको आ.व. २०७२/२०७३ को लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण प्रतिवेदन तथा कार्ययोजना बैठकमा पेश भै छलफल भयो । प्रतिवेदन तथा कार्ययोजना उल्लेख भएका विषयहरु कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

श्री सूचना डेस्क